
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७९




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## सान्नी त्रिवेणी गाउँपालिका

## गाउँपालिकाको कार्यालय: सान्नी त्रिवेणी, कालिकोट

## कर्णाली प्रदेश, नेपाल

CamScanner

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७९

## विषयसूची


**परिच्छेद - १**

| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. वर्तमान स्थिति तथा प्रयासहरु | १ |
| ३. लैससास सम्बन्धी समस्या, चुनौती र अवसरहरु | २ |
| ४. लैससास नीतिको आवश्यकता तथा महत्व | ३ |

**परिच्छेद- २**

| | |
|---|---|
| ५. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य | ५ |
| ५.१. दीर्घकालीन सोच | ५ |
| ५.२. दीर्घकालीन लक्ष्य | ५ |
| ५.३. उद्देश्यहरु | ५ |
| ५.४. परिभाषा | ५ |

**परिच्छेद- ३**

| | |
|---|---|
| ६. नीतिहरु | ८ |
| ७. रणनीति तथा कार्यनीतिहरु | ८ |

**परिच्छेद- ४**

| | |
|---|---|
| ८. संस्थागत संरचना | १५ |
| ९. अनुगमन तथा मूल्यांकन | १७ |
| १०. समन्वय तथा सहकार्य | १७ |
| ११. नीतिको पुनरावलोकन तथा सुधार | १८ |
| १२. खारेजी तथा बचाउ | १८ |


CamScanner

## १. पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता हो । वि.स २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानले प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ। संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ। समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय, तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ। संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ। संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयन राज्यका तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति, २०७६, पन्धौ योजना (२०७६/०७७-२०८०/२०८१) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ तथा नेपालले प्रतिवद्धता जनाएका दिगो विकास लक्ष्यको लक्ष्यको लक्ष्य ४ र ५ ले पनि योजनादेखि उपलब्धिसम्म लैङ्गिक समानता र समावेशी विषयलाई कार्यान्वयन गर्न सबै तहहरुमा निर्देशित व्यवस्था गरेको छ। संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ बमोजिमको सूचीअनुसार आवश्यक कानून वनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ।

उक्त संवैधानिक दायित्व निर्वाह गर्नुका साथै यस पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिमार्फत लैङ्गिक सन्तुलित र सामाजिक न्यायसहितको विकासका लागि **"सान्नी त्रिवेणी गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ "** तयार गरिएको छ।

## २. वर्तमान स्थिति तथा प्रयासहरु

सान्नी त्रिवेणी गाउँपालिकाको स्थापना साविकका तीनवटा गा.वि.स. मुम्रा, म्हेलमुढी र राँकू मिलेर बनेको छ। कुल क्षेत्रफल १३६.७१ वर्ग कि.मि. रहेको यस गाउँपालिका जम्मा ९ वटा वडा रहेको छ। केन्द्रीय तथ्यांक ब्यूरोद्वारा गरिएको २०२१ को जनगणनानुसार महिला ६,५०१ र पुरुष ६,३६३ गरी जम्मा १२,८६४ जनसंख्या रहेको छ। अग्ला पहाडहरुको संगमको रुपमा रहेको भौगोलिक बनावटले गर्दा अत्यन्तै रमणीय स्थलको रुपमा यस पालिकालाई लिन सकिन्छ।

सन् २०११ को जनगणनानुसार कुल जनसंख्यामध्ये ६,१४१ जना साक्षर छन् भने ६५० जना पढ्न मात्रै जान्दछन्। प्राथमिक तहमा १,६६८ बालक र १४७२ बालिकाहरु अध्यनरत छन् भने उच्च शिक्षाको तहसम्म ४७ पुरुष र ९ महिला पुग्न सफल छन्। त्यस्तै कुल जनसंख्यामध्ये ब्राहमण, क्षेत्री र ठकुरी जम्मा ६७.१४, दलित २९.२३ र अन्यमा ३.६४ प्रतिशत रहेको छ भने कुल जनसंख्यामध्ये




CamScanner

४.६० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको छ । यस पालिकाले महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा दलितलगायत पछाडि पारिएका लक्षित वर्गको सशक्तिकरण तथा अधिकार संरक्षणका लागि आयमूलक, सिपमूलक तथा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दैआएका छन् । यस पालिकाले महिला तथा लक्षित वर्गहरुको आर्थिक, सामाजिक,शैक्षिक तथा स्वास्थ्य सुधारका लागि महिला तथा लक्षित वर्गलाई आपतकालीन अवस्थामा राहत उद्धार कोष मार्फत सहयोग गर्ने व्यवस्था रहेको छ । अपांगता भएका व्यक्तिहरुका लागि राज्यबाट उपलब्ध सेवा सुबिधाका साथसाथै अन्य औषधोपचार खर्चको पनि व्यवस्था भएको छ । यस पालिकाको बिद्यालयहरुमा किशोर किशोरी शिक्षा प्रदान गरिनुका साथै महिनावारी प्याड तथा सो विषयका लागि शिक्षिकाको पनि व्यवस्था गरिएको छ ।

## ३. लैससास सम्बन्धी समस्या, चुनौती र अवसरहरु

लैससास सामाजिक विकास तथा समृद्धिका लागि नभइ नहुने आधारभूत विषय हुन् । जवसम्म समाजमा रहेका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत विभिन्न कारण पछाडि पारिएका समुदाय तथा वर्गहरुको सशक्तिकरण तथा विकासमा समान सहभागिता नभएसम्म विकासले पूर्णता पाउन सक्दैन भन्ने कुरा यस पालिकाले महसुस गरी विकास तथा लक्षित वर्गका विकासका लागि धेरै कार्यक्रमहरु गर्दै आएका छन् । नीति निर्माणका क्रममा यस पालिकाका पढाधिकारीहरु, कर्मचारी तथा गैर सरकारी संस्थाका प्रतिनिधी, पत्रकार, शिक्षक लगायत समाजका अभियन्ता तथा अधिकारकर्मीहरुसँग गरिएको केन्द्रित समुह छलफल तथा प्रमुख सुचनादाताहरु सँग गरिएको वैठकबाट यस पालिकामा लैससास सम्बन्धी देहायनुसारका प्रमुख समस्या, चुनौती तथा अवसरहरु रहेका छन् ।




**अवसरहरु :** उक्त समस्या तथा चुनौतीलाई सम्बोधन गर्न पालिकाभित्र देहायका अवसरहरु रहेका छन्:

- स्थानीय सरकार अन्तर्गत महिला तथा लक्षित वर्गलाई केन्द्रित गरी महिला विकास शाखाको व्यवस्था,



CamScanner

- पालिकाबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनका लागि उपाध्यक्षको संयोजकत्वमा अनुगमन समितिको व्यवस्था,
- पालिकामा वार्षिक रुपमा Gender Audit को सुरुवात,
- "सुरक्षित नागरिक आवास कार्यक्रम", "एकिकृत कृषि विकास कार्यक्रम", बालबिवाह, बालश्रम तथा छुवाछुतलगायतका अन्धविश्वास मुक्त गाउँपालिका घोषणाको अभियान र वहुक्षेत्रीय पोषण कार्यक्रम तथा "उपाध्यक्षसँग आमा दिदीवहिनी कायक्रम" जस्ता वार्षिक नीति तथा कार्यक्रमसम्बन्धी योजनाले माथि उल्लिखित समस्या तथा चुनौतीको सम्बोधन गर्नमा थप टेवा पुग्नेछ,
- लैससास नीतिमार्फत गाउँपालिकालाई जनताप्रति उत्तरदायी र जवाफदेही बन्न सहयोग हुनेछ,
- महिला तथा बालबालिका शाखा प्रमुखको लागि आवेदन माग गरिसकिएको ।

## ४. लैससास नीतिको आवश्यकता तथा महत्व:

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीय स्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ । **स्थानीय सरकार सञ्चालन ऐन २०७४** को दफा ११ मा उल्लेख गरिएबमोजिम **गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार** अर्न्तगत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ। त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ ।

- लामो समयदेखि विकास तथा नेतृत्वको मुलधारबाट वञ्चितीकरणमा रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका साथै अन्य विभिन्न कारणले पछाडि पारिएका समुदायलाई विकासमा मूलप्रवाहीकरण गरी सामाजिक न्यायसहितको दिगो विकास गर्न,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,
- पालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणाममा समेत लैससासमैत्री बनाउन,



CamScanner

- लैससासको अवधारणअनुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,
- गाउँपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन,
- गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुऱ्याउन मार्गनिर्देशन गर्न ।
- पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न,
- लैङ्गिक समानता तथा सामाजिक न्यायमा आधारित समृद्ध समाज निर्माण गर्न,
- समाजमा विद्यमान लैङ्गिक, जातिय, क्षेत्रीय, भाषिक, तथा सामाजिक, आर्थिक र अन्य विभेदहरुको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न र समाजको विविधतालाई संरक्षण गर्न,
- समाजमा रहेको असमान शक्ति सम्बन्धको अन्त्य गरी समानता र न्यायपूर्ण सम्बन्धहरुको विकास गर्न ।

CS CamScanner

## परिच्छेद- २

### ५. दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य:

**५.१ दीर्घकालीन सोच:**

लैङ्गिक तथा सामाजिक न्यायमूलक गाउँपालिकाको निर्माण गर्ने ।

**५.२. दीर्घकालीन लक्ष्य:**

समाजमा विद्यमान लैङ्गिक जातिय भेदभाव अन्त्य गरि समानतामूलक समावेशी समाजको निर्माण गर्ने

**५.३ उद्देश्यहरु:**

क) पालिकाबाट तर्जुमा गर्ने नीति, योजना, कार्यक्रम र बजेट तथा श्रोत व्यवस्थापन तथा परिचालनमा लैससासमैत्री तथा उत्तरदायी बनाउने,

ख) पालिकामा लैङ्गिक समानता तथा समोवेशीमुखी संस्थागत संरचनाको विकास गर्ने,

ग) पालिकामा विभिन्न कारणले पछाडि पारिएका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आर्थिक तथा सामाजिक, शैक्षिक तथा स्वास्थ्य विकासका लागि उनीहरुको हक अधिकारको संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरण गर्ने,

घ) पालिकाको योजना तर्जुमादेखि नीति निर्माण तथा निर्णायक भूमिकासम्म लक्षित वर्गहरुको पहुँच सुनिश्चितताका लागि नेतृत्व विकास, ज्ञान, सिप तथा क्षमता अभिबृद्धि गर्ने,

ङ) पितृसतात्मक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिकतामा आधारित महिलाविरुद्धका हिंसा उन्मूलन गर्ने ।

**५.४ परिभाषा:**

| | |
|---|---|
| नीति: | **भन्नाले "सान्नी त्रिवेणी गाउँपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९** लाई जनाउँदछ । |
| लिङ्ग: | "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थाम जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्गी भनि थाहा पाउने प्राकृतिक पहिचान |
| लैङ्गिकता: | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गीहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| अन्तरविविधता (Intersectionality): | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत भएका व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| लैङ्गिक खण्डीकरण तथ्यांक: | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु संकलन गर्ने तथा व्यवस्थित गर्ने । |



CamScanner

| | |
|---|---|
| बहुविभेद (Multiple discrimination) : | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुपमा वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव |
| लैङ्गिक समता : | लिङ्गको आधारमा महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक हरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु । |
| लैङ्गिक समानता: | महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर । |
| लैङ्गिक मूलप्रवाहीकरण: | विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो । |
| लैङ्गिक आवश्यकता: | लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु । |
| लैङ्गिक योजना: | लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि । |
| लैङ्गिक सम्बन्ध: | महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच प्रभुत्व वा अधिनस्तता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध । |
| लैङ्गिक तालिम: | लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि । |
| लैङ्गिक हिंसा: | लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा पजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की । |
| पितृसत्ता: | पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधिनष्ट हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास |
| पितृसत्तात्मक संरचना: | पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था । |
| लैङ्गिक भेदभाव: | लिङ्गको आधारमा अर्थात किशोर किशोरी महिला पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानूनी व्यवस्था । |
| लैङ्गिक श्रम विभाजन: | समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण । |
| लैङ्गिक संवेदनशील: | विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वातावरण, बोलीचाली, व्यवहार, स्रोत साम्रगी, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि । |
| लैङ्गिक रुपान्तरण: | महिला, पुरुष र विद्यमान लैङ्गिक लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका र सम्बन्धलाई पुनःपरिभाषित गर्ने । |



CamScanner

| | |
|---|---|
| लैङ्गिक उत्तरदायी बजेट: | लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट । |
| समावेशिता: | शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण: | लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आथिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु |
| वहिष्कृत समूह: | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु । |
| पीडित समूह : | परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह |
| लैङ्गिक तथा समावेशी संवेदनशील: | महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष, र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्वन्ध तथा असमानतालाई सम्वोधन गर्नु । |
| लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु : | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| GESI संवेदनशील अनुगमन तथा मूल्यांकन: | लैंगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै GESI संवेदनशील अनुगमन तथा मूल्यांकन । |
| महिला सशक्तिकरण: | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सहि छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया । |
| सकारात्मक विभेद: | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था । |



CamScanner

## परिच्छेद- ३

### ६. नीतिहरु:

१)   गाउँपालिकामा लैससासमैत्री नीति तथा कानून र योजनाहरु तर्जुमा गर्ने,
२)   लैससासमुखी संस्थागत संरचनाको विकास गर्ने,
३)   लक्षित वर्गहरुको अधिकार संरक्षण,सम्बर्द्धन गरी उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य विकासको लागि सशक्तिकरण गर्ने ।
४)   नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गहरुको नेतृत्व क्षमता विकास गर्ने ।
५)   पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक हिंसारहित गाउँपालिका वनाउने ।
६)   यस गाउँपालिकाको कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने ।

### ७. रणनीति तथा कार्यनीतिहरु:

| ७.१. नीति १: गाउँपालिकामा लैससासमैत्री नीति तथा कानून र योजनाहरु तर्जुमा गर्ने । |
|---|
| रणनीति |
| • **सान्नी त्रिवेणी** गाउँपालिकामा हालसम्म तर्जुमा भएका नीति, कानून, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरुको पुनरावलोकन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग बाँझिएका व्यवस्थाहरुको आवश्यक संशोधन गर्ने,<br>• यस गाउँपालिकाले अव निर्माण गर्ने नीति, कानून, कार्यविधि तथा मापदण्ड लैससास नीतिसँग मिलान हुने गरी तर्जुमा गरी लागु गर्ने,<br>• यस गाउँपालिकाको संस्थागत तथा भौतिक संरचनाहरु लैससासमैत्री वनाउनका लागि आवश्यक मापदण्डहरु तयार गरी लागु गर्ने । |
| कार्यनीति |
| • यस गाउँपालिकाबाट निर्माण हुने नीति, कानून, मापदण्ड, योजनाहरुको मस्यौदा तयार गर्दा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरी लैससासमैत्री नीति तथा कानूनहरु तयार गर्ने ।<br>• यस गाउँपालिकामा निर्माण भएका कानूनहरुको पुनरावलोकलन गरी लैससासको नीतिको विपरित प्रावधानहरु संशोधन गर्ने ।<br>• यस गाउँपालिकाको भौतिक संरचनाहरु लैङ्गिक मैत्री, अपांगतामैत्री, दलितमैत्री, जेष्ठ नागरिकमैत्री वनाउनका लागि भौतिक संरचना मापदण्ड निर्माण गरी लागु गर्ने,<br>• गाउँपालिकाको नीति, कानून, वार्षिक नीति तथा कार्यक्रम र वजेटको वार्षिक लैङ्गिक परिक्षण ( Gender Audit) गर्ने,<br>• लैससास नीतिअनुसार यस पालिकामा लैङ्गिक समानता तथा समावेशीता प्रवर्द्धन गर्न सबै तह र क्षेत्रमा दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ,<br>• यस गाउँपालिकाबाट सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरु लैङ्गिक समानता तथा सामाजिक समावेशी अवधारणाअनुरुप अनुगमन तथा मूल्यांकन गर्न अनुगमन तथा मूल्यांकन खाका तयार गरी कार्यान्वयन गरिने छ । |



CamScanner

- लैङ्गिक विभेद तथा हिंसा अन्त्यको रणनीतिक योजनाहरु तयार गरी कार्यान्वयन गर्ने ।

## ७.२. नीति २: लैससासमुखी संस्थागत संरचनाको विकास गर्ने ।

**रणनीति**

- यस गाउँपालिकाबाट गठन गर्ने विभिन्न समितिहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तबमोजिम नेतृत्वमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ,
- योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरी अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने,
- यस गाउँपालिकाबाट सञ्चालित विकासका कार्यक्रमको कार्यान्वयनमा लक्षित वर्गको सहभागिता र लाभान्वितताको सुनिश्चित गर्ने,
- यस गाउँपालिकाको प्रशासकीय तथा भौतिक संरचनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अनुरुप विकास गर्ने ।

**कार्यनीति**

- यस गाउँपालिकाबाट गठन हुने सबै प्रकारका समिति तथा समुहहरुमा विषयगत आवश्यकतानुसार महिला, दलित, जनजाति, अपांगता, तथा अन्य पछाडि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गठन गरिनेछ,
- यस गाउँपालिकाबाट गठन हुने समितिहरुमा अध्यक्ष वा उपाध्यक्ष जस्ता प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक जातको हुने गरी समितिहरु गठन गरिनेछ,
- यस गाउँपालिकाबाट कार्यक्रम सञ्चालनको क्रममा गठन गर्ने विभिन्न समूह, तथा उपभोक्ता समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, दलित,जनजाति, अपांगता, तथा अन्य पछाडि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गठन गरिनेछ। यसरी गठन गर्ने समूह तथा उपभोक्ता समितिहरुको प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक जातको हुने गरी गठन गरिनेछ,
- यस गाउँपालिकामा सम्भव भएसम्म कर्मचारी, विशषज्ञ तथा करारका कर्मचारीहरु भर्ती गर्दा लक्षित वर्गको प्रतिनिधित्व हुने गरी समावेशीमूलक भर्तीलाई प्राथमिकता दिनेछ ।
- यस गाउँपालिकाको भौतिक संरचना लैङ्गिक तथा प्रजनन स्वास्थ्यमैत्री बनाउन आवश्यक पहल गर्नेछ,
- वडा तथा बस्तीस्तरमा गरिने योजना तर्जुमासम्बन्धी छलफल तथा निर्णयहरु र कार्यक्रम कार्यान्वयन एवं अनुगमन प्रक्रियामा समेत महिला, दलित, जेष्ठ नागरिक, अपाङ्गलगायत बञ्चितीकरणमा परेका वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ,
- यस गाउँपालिकामा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।



CamScanner

**७.३. नीति ३: लक्षित वर्गहरुको अधिकार संरक्षण,सम्बर्द्धन गरी उनीहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य विकासको लागि सशक्तिकरण गर्ने ।**

**रणनीति**

- यस गाउँपालिकामा लैससासमैत्री सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने,
- समुदायमा लक्षित वर्गहरुको कानूनी हक अधिकारको बारेमा सचेतना जगाउने,
- महिला, किशोरी तथा बालिकालाई यस गाउँपालिकाबाट उपलब्ध गराइने स्वास्थ्य तथा शिक्षाको अवसरमा पहुँच वृद्धि गर्न विशेष नीति तथा कार्यक्रमहरु वनाई लागु गर्ने,
- लक्षित वर्गहरुको आर्थिक अवस्था सुधारको लागि अनुदान सहितको विशेष नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने,
- यस गाउँपालिकामा लैससास केन्द्रित स्रोत साधन कार्यविधि र मापदण्डहरुको आधारमा वितरण गर्ने।

**कार्यनीति**

**क) लैससासमैत्री सूचना व्यवस्थापन :**

- यस गाउँपालिकाबाट उपलब्ध गराउने सेवा, सुविधा तथा अवसरका साथै विकासका कार्यक्रमको सूचना सम्प्रेषण गर्दा लक्षित समुदायहरुको पहुँचमा हुने गरी वडास्तरबाट सम्प्रेषण गरिनेछ र
- सूचना सम्प्रेषण गर्दा लैङ्गिकमैत्री भाषाहरु प्रयोग गर्नेछ र आवश्यक परेमा सार्वजनिक सञ्चार, स्थानीय एफ.एम. तथा मातृभाषासमेत प्रयोग गरी व्यापक रुपमा सूचना सम्प्रेशन गर्ने व्यवस्था गर्ने,
- यस गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधा र विकासका कार्यक्रमहरुमा सबै लक्षित वर्गको पहुँच बृद्धि गर्न वडास्तरमा जानकारीमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ख) आर्थिक विकास :**

- यस गाउँपालिकामा रहेका एकल महिला, दलित महिला, जनजाति महिला, अपांगता भएका महिला, हिंसाबाट पीडित महिला तथा आर्थिक अवस्था कमजोर भएका महिलाहरुको आर्थिक अवस्था उन्नतिका लागि कृषि, आयमूलक, सिपमूलक कार्यमा क्षमता विकास गर्न कार्यक्रम सञ्चालन गर्ने
- सिप अनुसार स्थानिय व्यवसाय सञ्चालन गर्न अनुदान सहयोग सहितको विशेष गर्न सक्ने सकारात्मक विभेद सम्बन्धी नीति नियम तथा कार्यक्रम वनाई लागु गर्ने,
- महिलाभित्रका पनि अन्तरविविधता (एकल महिला, दलित महिला, जनजाति महिला, आर्थिक अवस्था कमजोर भएका महिला, हिंसा पीडित महिला र अपांगता भएका महिला) हरुको आर्थिक अवस्था सुधारका लागि स्थानीय तहमा क्षमता अनुसारको रोजगार तथा व्यावसायिकमूलक कार्यक्रमहरु सञ्चालन गर्न अनुदान सहित प्रोत्साहन गर्ने,
- स्थानीय उत्पादनलाई उचित मूल्यसहितको वजार व्यवस्थापनका लागि अनुगमन तथा मूल्यांकन गर्न समेत उनीहरुकै सहभागितामा पालिकास्तरिय **"महिला आर्थिक शसक्तिकरण अनुगमन समिति"** निर्माण गरी परिचालन गरिनेछ,
- वैदेशिक रोजगारबाट सृजित पारिवारिक, सामाजिक तथा बालबालिकाको विचलनलाई नियन्त्रण गर्न युवायुवतीहरुलाई व्यावसायिक शिक्षा, उत्पादनमूलक शिक्षा, स्वरोजगारमूलक शिक्षा तथा अवसर सृजनाका लागि आवश्यक सहयोग तथा अनुदानको व्यवस्था गर्ने,

**ग) शिक्षामा प्रोत्साहन**



CS CamScanner

- लक्षित वर्ग तथा आर्थिक रुपमा कमजोर परिवारका बालबालिकाहरुको शिक्षामा पहुँच वृद्धिका लागि छात्रावृत्ति, प्रोत्साहनमूलक तथा विमामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- **"निरक्षर शुन्य गाउँपालिकाको प्रतिवद्धता शिक्षामा पहुँचको सुनिश्चितता"** नारा सहित महिला, गरिवी, दलित समुदायका विद्यार्थीहरुका लागि उच्च तथा प्राविधिक शिक्षाको लागि छात्रावृत्तिको व्यवस्था गर्ने,
- **"बिवाहवारी बिसवर्ष पारी"** को कानुनी व्यवस्थालाई समुदाय समुदायमा अभियान सञ्चालन गर्ने

**घ) प्रजनन स्वास्थ्य सुधार**

- **"स्वस्थ्य आमा स्वस्थ्य नागरिक"** नारा सहित यस गाउँपालिकाका महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य सुधारको लागि दैनिक स्वास्थ्य सुविधाका साथै देहायमा स्वास्थ्य समस्याको उपचार निशुल्क उपलब्ध गराउने
- पाठेघर खस्ने समस्या,
- यौनरोगसम्बन्धी समस्या,
- अनिच्छुक गर्भधारण नियन्त्रण
- असुरक्षित गर्भपतन नियन्त्रण
- बाँझोपन तथा महिनावारीसँग सम्बन्धित समस्याहरु कार्यक्रम सञ्चानल गर्ने
- प्रजनन तथा महिनावारीसँग सम्बन्धित भेदभाव तथा छुवाछुत विरुद्ध समुदायस्तरमा अभियान सञ्चालन गर्ने,
- गर्भवती तथा प्रसुतीमा रहेका महिलाहरुका पोषणका लागि विशेष व्यवस्था सहितको प्रभावकारी कार्यक्रमहरु तर्जुमा गरि लागु गर्ने ,

**ङ) चेतनामूलक कार्यक्रम :**

- महिलाको कानूनी हक अधिकार संरक्षण तथा सम्बर्द्धनको लागि **"महिलाको अधिकार पालिकाको सरोकार"** विषयमा जीवनका आधारभूत तथा विशेष अधिकार विषयमा महिला पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुमा वडास्तरिय चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विशेष गरी हिंसामा पर्न सक्ने समूह महिला, अपाङ्गता भएका व्यक्ति तथा दलित र आर्थिक रुपमा विपन्न वर्गका लागि उद्यमशिलता सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- जातियतामा आधारित भेदभाव उन्मूलनका लागि **एक घर एक सदस्यको** सहभागितामा समानतामूलक अभियान चलाउने

**७.४. नीति ४: नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गहरुको नेतृत्व क्षमता विकास गर्ने ।**

**रणनीति**

- महिला तथा लक्षित वर्गहरुको आर्थिक नेतृत्व क्षमता विकासका लागि विशेष नीति तथा कार्यक्रम तयार गर्ने,
- विकासमा महिला तथा दलित समुदायको अर्थपूर्ण सहभागिताका लागि विशेष नीति तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व विकासका लागि नेतृत्व तथा क्षमता विकाससम्बन्धी तालिम सञ्चालन गर्ने र नेतृत्वदायी भूमिकामा प्रोत्साहन गर्ने,
- महिला नेतृत्व विकासका लागि महिलाहरुको घरायसी कार्यबोझ बाँडफाँडसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।



CamScanner

| कार्यनीति |
| --- |
| • महिला तथा लक्षित वर्गहरुको आर्थिक नेतृत्व विकासमा प्रोत्साहन, लैङ्गिक तथा जातियतामा आधारित श्रम विभाजन सम्बन्धी परम्परागत अवधारणालाई परिवर्तन गर्न व्यवसायिक सिपविकास कार्यक्रम सञ्चालन गर्ने<br>• महिलाहरुको घरायसी एवं व्यावसायिक कार्यबोझ सन्तुलन ल्याउन र घरको कार्यबोझ कम गर्न वडास्तरिय रुपमा पुरुषहरुको समुह तयार गरि अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने र सफल पुरुषको लागि **"सहयोगी पुरुष पुरस्कार"** नाउँमा वार्षिक पुरस्कार स्थापना गर्ने र वितरण गर्ने,<br>• यस गाउँपालिकाबाट निर्वाचित पदाधिकारीहरुको अर्थपूर्ण नेतृत्व विकासका लागि जिम्मेवारीअनुसार विषयगत नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,<br>• यस पालिकाबाट संञ्चालित कार्यक्रमहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत लक्षितवर्गको अर्थपूर्ण सहभागिता वृद्धि गर्न वडास्तरमा **"हाम्रो कार्यक्रम हाम्रो सहभागिता"** नामक कार्यक्रमहरु वार्षिक नीति तथा कार्यक्रम तयार गर्नु भन्दा अगाडि सञ्चालन गर्ने,<br>• यस गाउँपालिकाबाट कार्यक्रम सञ्चालनको क्रममा गठन गर्ने विभिन्न समूह तथा उपभोक्ता समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, दलित, जनजाति, अपांगता, तथा अन्य पछाडि पारिएका समुदायको नेतृत्वको लागि **"मेरो सवाल मेरो नेतृत्व"** नामक नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र अनिवार्य नेतृत्वका लागि प्रोत्साहन गर्ने,<br>• राजनीतिमा महिलाहरुको नेतृत्व विकासका लागि परिवारका सदस्यहरुसँग घरायसी कार्यबोझ बाँडफाँड अभियानमुखी कार्यक्रम सञ्चालन गर्ने । |
| **७.५. नीति ५ पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक हिंसारहित गाउँपालिका वनाउने ।** |
| रणनीति |
| • यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुमाथि हुने हिंसा नियन्त्रण, हिंसा निषेध, पीडित संरक्षण तथा पीडित पुनर्स्थापना सम्वन्धमा नीतिगत व्यवस्था गर्ने,<br>• समाजमा विद्यमान लैङ्गिक तथा जातिगत भेदभाव मूल्य मान्यता र हिंसा शून्य गाउँपालिका स्थापना गर्ने,<br>• पितृसतात्मक तथा लैङ्गिक हिंसालाई प्रोत्साहन गर्ने मूल्य, मान्यता, कुरीति तथा अन्धविश्वासविरुद्ध सामाजिक अभियान चलाउने । |
| कार्यनीति |
| • यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुविरुद्ध हुने गरेका हिंसाको तथ्यांक संकलन गर्ने,<br>• **"लैङ्गिक हिंसामा शून्य सहनशीलता हाम्रो प्रतिवद्धता"** नामक नारासहित लैङ्गिक हिंसा शून्य सहनशीलता गाउँपालिका घोषणा गर्ने,<br>• "लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी पाँच वर्षे कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>• **" लैङ्गिक हिंसारहित परिवार"** नामक नारासहित लैङ्गिक हिंसाविरुद्ध वडास्तरीय रुपमा पूरुषको समूह गठन गरी समूहगत (Men Engagément) रुपमा सचेतना कार्यक्रम सञ्चालन गर्ने र वार्षिक रुपमा परिवारका एक सदस्यलाई **उत्कृष्ट परिवार पुरस्कार** वितरण गर्ने, |

- लैङ्गिक हिंसा, घरेलु हिंसा, अन्धविश्वास, छुवाछुत, कुरीतिलगायतका गलत परम्परागत हानिकारक सामाजिक मूल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग, जनप्रतिनिधि, स्थानीय संघसस्थालाई अभिमुखीकरण गरिने,
- न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाका प्रक्रियाँ, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक सिद्धान्त तथा कानूनी प्रक्रियाको बारेमा क्षमता विकास गर्ने ।
- बालविवाहविरुद्ध उजुरी सयन्त्र तथा दण्ड सजायबारे नागरिक वडापत्र बनाई वडा वडामा टाँस गर्ने,
- जातिगत हिंसाविरुद्ध कानूनी सचेतना कार्याक्रम संञ्चालन गर्ने र विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको समुदायस्तरमा छलफल कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न सञ्चार माध्यमवाट जातिगत आधारमा हुने छुवाछुत, सामाजिक कुरीति उन्मूलन गर्न सचेतनामूलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन गरिने,
- लागु औषध दुर्व्यसनीविरुद्धका स्वस्थ्य जीवनको अधिकार विषयक किशोरकिशोरी तथा युवायुवतीहरुको नेतृत्वमा अभियानमूलक कार्यक्रम चलाउने,
- स्थानीय तहमा गठन हुने वालक्लब, महिला समूह, सहकारी, किशोरकिशोरी समूहलाई स्वरोजगारमुलक कामको लागि प्रोत्साहन गर्ने,
- गाउँपालिका क्षेत्रभित्र रहेका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका शिक्षकहरुलाई लैङ्गिक हिंसा, बाल विवाह, लागु औषध दुर्व्यसनी, यौन दुर्व्यवहार तथा यौन तथा प्रजनन स्वास्थ्यसम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्र रहेका निम्न माध्यमिक तथा माध्यमिक विद्यालयका सामाजिक विषय तथा स्वास्थ्य विषयका शिक्षकसँग वार्षिक रुपमा वैठक वस्ने र अवस्थाको बारेमा अद्यावधिक गर्ने ।
- हिंसाबाट जोखिम (पारिवारिक बहिष्करणमा परेका बालबालिका, अविभावक वैदेशिक रोजगारमा परि एकल भएका बालबालिका, हिंसा पीडित बालबालिका तथा अपांगता भएका बालबालिका) बालबालिकाको संरक्षणका लागि स्थानीय स्तरमा संरक्षण गृहको स्थापना र सञ्चालन गर्ने ।

### ७.६. नीति ६: गाउँ पालिकाको कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने

**रणनीति**

- लैङ्गिक उत्तरदायी वजेट तथा योजना निर्माणका लागि नीतिगत व्यवस्था गर्ने,
- यस गाउँपालिकामा लैससासलाई आन्तरिकीकरण गर्न गाउँपालिकाका प्रत्येक शाखा तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।
- गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाउने,

**कार्यनीति**

- यस गाउँपालिकाको लागि छुट्टै लैङ्गिक उत्तरदायी वजेट निर्देशिका वनाई पालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लागु गर्ने,
- गाउँपालिकाको लैङ्गिक खिण्डिकृत तथ्याङ्क समयनुसार अद्यावधिक र योजना तर्जुमाका साथै समीक्षा गर्न प्रयोग गरिनेछ,
- गाउँपालिकाको वार्षिक कार्यक्रम तथा सेवा प्रवाहलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन पालिकाका पढाधिकारीहरुका साथै सबै शाखा कर्मचारीहरुको क्षमता विकास गर्न तालिमा सञ्चालन गर्ने



CamScanner

- वार्षिक रुपमा कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा/परीक्षण गरी कमजोर पक्षहरुको सुधारको लागि लैससास मूलप्रवाहीकरण कार्य योजना बनाई कार्यान्वयन गरिनेछ,
- महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, बालबालिकालगायत बञ्चितीकरणमा परेका विपन्न वर्ग र समुदायको आवश्यकताको पहिचान गरी उनीहरुको उत्थान तथा सशक्तिकरणका लागि फरक समुदायको लागि फरक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नेछ,
- **सान्नी त्रिवेणी** गाउँपालिकाको मूल्याङ्कन प्रणाली र सूचकलाई परिमार्जित गरी प्रतिवेदनमा खण्डिकृत सुचना समावेश गर्ने व्यवस्था गरिनेछ ।

CamScanner

## परिच्छेद- ४

### ८.संस्थागत संरचना

यस नीतिमा भएका प्रावधानलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीतिको पुनरावलोकन तथा समय सापेक्ष संसोधन गर्न र नीतिअनुरुप लैससास मूलप्रवाहीकरणका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहायका समिति र उपसमितिहरुको व्यवस्था गरेको छ ।

**क) पालिकास्तरिय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समिति :** यस समितिमा देहायका सात सदस्यहरु रहने छ ।

यस समितिमा देहायका नौ सदस्यहरु रहने छन् जसमा संयोजक र सहसंयोजक दुईमध्ये एक अनिवार्य महिला हुनु पर्नेछ ।

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| ख) कार्यपालिका सदस्यहरुमध्येबाट दलित सदस्य | सहसंयोजक |
| ग) वडाध्यक्ष | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) प्रमुख सामाजिक विकास शाखा | सदस्य |
| च) स्थानीय गैरसरकारी संघ सस्था/नागरिक समाजमध्येवाट | सदस्य (३ जना: महिला, दलित, अपाङता) |
| छ) महिला विकास शाखा प्रमुख वा लैससास फोकल पर्सन | सदस्य सचिव |

**ख) लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समितिको काम कर्तब्य र अधिकार :** यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको ऐन, कानून, नीति, आवधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजको लैससासको अवधारणाबाट पुनरावलोकन लैससास अनुरुप बनाउन आवश्यक संसोधन तथा परिमार्जनको लागि प्राविधिक सहयोग गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ग) यस गाउँपालिकाको खण्डिकृत तथ्याकको संकलन गर्न, व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) गाउँपालिकाको नीति तथा योजनाहरु कार्यान्वयनसम्बन्धी अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

ङ) गाउँपालिकाको कार्यक्रम तथा वजेटको लैङ्गिक लेखाजोखा तथा परिक्षण गर्न नेतृत्वदायी भूमिका निभाउने,



CamScanner

च) यस गाउँपालिकाको कार्यक्रम तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन लैङ्गिकमैत्री वनाउन र महिला नेतृत्व विकास गर्न आवश्यक पहल तथा समन्वय गर्ने,

छ) यस गाउँपालिकाको नीति नियम, योजना, कार्यक्रमहरु लैससासअनुरुप बनाउन सम्बन्धित विषय विज्ञ तथा स्थानीय गैरसरकारी संघसंस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

ज) गाउँपालिकाको वजेट बाँडफाँट, खर्चको लेखाजोखा, अनुगमन तथा मूल्यांकन प्रणली सामाजिक लैङ्गिक तथा समावेशीकरणमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोवेशीकरण उत्तरदायी बनाउन नियमित रुपमा गाउँपालिकालाई सुझाव दिने,

ञ) यस गाउँपालिकाको लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

त) लैससास नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

त) यी माथि उल्लिखित कार्यहरु गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्न र गराउने सहयोग गर्ने ।

**ग) लैङ्गिक तथा सामाजिक समावेशीकरण उपसमिति :** पालिकाको प्रत्येक वडा स्तरमा देहाय बमोजिमका उप-समिति गठन गर्न सक्नेछ । सो उपसमितिमार्फत लैससाससम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरमा कार्यान्वयनको सुनिश्चितता गर्नेछ । वडाका सबै संरचनाहरूमा ३३ प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्नेछ ।

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु (महिला र महिला दलित सहित) | २ जना सदस्य |
| ग) वडा सचिब | सदस्य सचिव |
| घ) अतिथि: संघसस्थाबाट आवश्यकतानुसार | १ जना |

**घ) लैससास समन्वय उपसमितिको काम कर्तब्य र अधिकार :** यस समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस गाउँपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु तथा सबै प्रकारका नीति नियम तथा योजनाहरु स्थानीय तहका समुदायहरु र नागरिक समाजसँग छलफल गरी लैससाससम्बन्धी विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

ख) यस गाउँपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) वडा तहको खण्डिकृत तथ्यांकको संकलन गर्न र समयानुकूल अद्यावधिक गर्न स्थानीय तहबाट आवश्यक सहयोग गर्ने,

घ) गाउँपालिकाको कार्यक्रमहरुमा वडास्तरबाट आवश्यकतानुसार सूचना सम्प्रेषण गर्ने र कार्यक्रममा समानुपातिक सहभागिताका लागि सहजीकरण गर्ने ।

ङ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन तथा मूल्यांकन गर्ने गराउने र लैससास लेखाजोखा गर्न सहयोग गर्ने,



CamScanner

च) पालिकाबाट सञ्चालन गर्ने महिला नेतृत्व विकास कार्यक्रममा उपयुक्त सहभागी छनौट तथा कार्यक्रम सञ्चालनको लागि आवश्यक सहयोग तथा सहकार्य गर्ने,

त) यी माथि उल्लिखित कार्यहरु गर्न गराउन अनुगमन तथा समन्वय समितिले चाहेको बेलामा आवश्यकतानुसार सहयोग तथा सहकार्य गर्ने,

ङ) समितिको बैठक : पालिकास्तरीय अनुगमन तथा समन्वय समितिको बैठक प्रत्येक त्रैमासिक रुपमा बस्नेछ र वडास्तरीय सहसमितिको बैठक प्रत्येक चौमासिक रुपमा बस्नेछ । आवश्यकतानुसार समितिको बैठक जुनसुकै वेला पनि बस्न सक्नेछ ।

ङ) **समुदायस्तरका विभिन्न समुहहरु** : माथि उल्लेखित नीति, रणनिती तथा कार्यनीतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समितिले आवश्यकता अनुसार समुदायस्तरमा विभिन्न समुहहरु गठन गर्न सक्नेछ ।

## ९. अनुगमन तथा मूल्यांकन

यस नीति कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्यांकन पालिकास्तरिय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समितिले वा समितिले नियुक्ति गरेका विशेषज्ञहरुको टोलीले गर्नेछ । यसरी अनुगमन तथा मूल्यांकन गर्न छुट्टै निर्देशिका तयार गरी सो अनुसार गर्नुपर्ने छ।

## १०. समन्वय तथा सहकार्य

**यस नीतिको प्रभावकारी कार्यन्वयनको लागि** पालिकास्तरीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समितिले देहायअनुसार संघीय, प्रादेशिक सरकारका विभिन्न निकाय र गैरसरकारी संघसस्था र निजीक्षेत्रसँग आवश्यकतानुसार सहकार्य तथा समन्वय गर्न सक्नेछ ।

- गाउँपालिकाका नीति, कानून, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरुको पुनरावलोकन गर्न तथा कानूनको मस्यौदा तयार गर्न,
- लैङ्गिक हिंसा प्रभावित महिला तथा लक्षित वर्गहरुको लागि निःशुल्क कानूनी सहायता सेवा प्रदान गरिरहेका संघ, संस्था तथा कानून व्यावसायीहरुको विवरण अद्यावधिक गर्ने ।प्रभावितहरुलाई प्रभावकारी निःशुल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरुसंग सहकार्य गर्ने ।
- क्षमता विकास तथा अभियानमूलक कार्यक्रमहरु योजना तयार गर्न तथा सञ्चालन गर्न,
- कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न,
- यस नीतिअनुसार आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रमको आवश्यक स्रोत संकलन तथा सहयोग प्राप्त गर्न,
- नीति नियम तथा कार्यक्रमको लैङ्गिक लेखाजोखा गर्न प्राविधिक सहयोग प्राप्त गर्न,
- रोजगारीमूलक कार्यक्रमको लागि आवश्यक सहकार्य र समन्वय गर्न गराउन,
- लैङ्गिक उत्तरदायी वजेट योजना निर्देशिका तयार गर्न,
- यस नीतिको अनुगमन तथा मूल्याकन निर्देशिका तयार गर्न,



CamScanner

## ११. नीतिको पुनरावलोकन तथा सुधारः

यस नीतिमा आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक पाँच वर्षमा एक पटक नीतिको पुनरावलोकन गर्नुपर्ने छ । समितिले आवश्यक ठानेमा जुनसुकै वेलापनि गर्न सक्ने छ । यसरी पुनरावलोकन पालिकास्तरीय लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुगमन तथा समन्वय समिति आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ ।

## १२ खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म खारेज हुनेछ ।



CamScanner